जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.वि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४१ अंक १८ २०७९ साल मंसिर २५ गते आइतवार (11 Dec 2022 Sunday) मूल्य रु. ७/-

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

*यस अंक भित्र* – **पृष्ठ २ मा** : एक सय ६५ निर्वाचन क्षेत्रबाट ... **पृष्ठ ३ मा** : मधेसीहरू कहिलेसम्म ... **पृष्ठ ४ मा** : नयाँ सरकारलाई चुनौतीको ... **पृष्ठ ५ मा** : स्वयंसेवक दिवसको स्यानिटरी ...

# समानुपातिकतर्फ प्रतिनिधिसभा र प्रदेशसभाको अन्तिम मतपरिणाम सार्वजनिक

**राजविराज**/मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन अन्तर्गत समानुपातिक प्रणालीको अन्तिम मतपरिणाम सार्वजनिक भएको छ।

निर्वाचन आयोगले समानुपातिक निर्वाचन प्रणालीमा सात राजनीतिक दलले मात्र 'थ्रेस होल्ड' अर्थात् खसेको कूल सदर मतको न्यूनतम तीन प्रतिशत कटाएको जानकारी दिएको छ।

नेकपा (एमाले) ले कूल सदर मतको ३० दशमलव ६९ प्रतिशत मत प्राप्त गरी ३४ सिट प्राप्त गरेको छ भने नेपाली कांग्रेसले २९ दशमलव २९ प्रतिशत मत प्राप्त गरी ३२ सिट पाएको छ।

यस्तै नेकपा (माओवादी केन्द्र)ले कूल सदर मतको १२ दशमलव ६८ प्रतिशत मत प्राप्त गरी १४ सिट प्राप्त गरेको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीले १२ दशमलव १९ प्रतिशत मत प्राप्त गरी १३ सिट पाएको छ भने राष्ट्रिय प्रजातन्त्र पार्टीले ६ दशमलव ३५ मत प्राप्त गरी सात सिट, जनता समाजवादी पार्टीले ४ दशमलव ५४ मत प्राप्त गरी पाँच सिट र जनमत पार्टीले ४ दशमलव २६ मत प्राप्त गरी पाँच सिट प्राप्त गरेको छ।

प्रतिनिधिसभामा सात राजनीतिक दलले ९२ लाख ७१ हजार सात सय १२ मत प्राप्त गरेका छन्।

यस्तै सातै प्रदेशको मतपरिणाम अनुसार निर्वाचनमा सहभागी दललाई आयोगले सिट बाँडफाँट गरेको छ।

**प्रदेश नम्बर १**

नेकपा (एमाले) ले प्राप्त गरेको ३८ दशमलव ५५ प्रतिशत मत प्राप्त गरी १५ सिट प्राप्त गर्दा नेपाली कांग्रेसले ३२ दशमलव ६१ प्रतिशत मत प्राप्त गरी १२ सिट प्राप्त गरेको छ। यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीले ११ दशमलव ५ प्रतिशत मतले ४, नेकपा (माओवादी केन्द्र) ले १० दशमलव ५ प्रतिशतले ४ सिट, जनता समाजवादी पार्टी, नेपालले ३ दशमलव ५ प्रतिशतले एक, नेकपा (एमाले)ले ३ दशमलव २४ प्रतिशत मतले एक सिट प्राप्त गरेको छ। यस प्रदेशमा छ राजनीतिक दलले मात्र 'थ्रेस होल्ड' कटाएका छन्।

**मधेस प्रदेश**

यस प्रदेशमा १० राजनीतिक दलले 'थ्रेस होल्ड' कटाएका छन्। नेपाली कांग्रेसले २० दशमलव ४९ प्रतिशत मत प्राप्त गरी नौ सिट पाउँदा नेकपा(एमाले) ले १८ दशमलव मतले आठ सिट प्राप्त गरेको छ। जनमत पार्टीले १६ दशमलव ८६ मत प्राप्त गरी सात सिट प्राप्त गरेको छ भने जनता समाजवादीले १५ दशमलव ३ प्रतिशत मतले सात सिट प्राप्त गरेको छ।

त्यसैगरी नेकपा(माओवादी केन्द्र) ले नौ दशमलव २६ प्रतिशत मत प्राप्त गरी चार सिट, नेकपा(एस)ले ५ दशमलव ८३ प्रतिशत मत प्राप्त गरी तीन सिट र लोकतान्त्रिक समाजवादी पार्टी नेपालले ५ दशमलव ८ प्रतिशत मत प्राप्त गरी दुई सिट प्राप्त गरेको छ।

यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीले ३ दशमलव ३३ प्रतिशत मतले एक, नेपाल सङ्घीय समाजवादी पार्टीले २ दशमलव ५७ मतले एक र नागरिक उन्मुक्ति पार्टीले दुई प्रतिशत ५५ दशमलव मतले एक सिट प्राप्त गरेको छ।

**बागमती प्रदेश**

यस प्रदेशमा सात राजनीतिक दलले 'थ्रेस होल्ड' कटाएका छन्। नेकपा(एमालले) ३२ दशमलव ३९ प्रतिशत मत प्राप्त गरी १४ सिट प्राप्त गर्दा नेपाली कांग्रेसले २७ दशमलव २४ प्रतिशत मत पाई १२ सिट प्राप्त गरेको छ।

त्यस्तै नेकपा(माओवादी केन्द्र)ले १५ दशमलव ५५ प्रतिशत मत प्राप्त गरी सात र राष्ट्रिय प्रजातन्त्र पार्टीले १४ दशमलव ८३ प्रतिशत मतले ६ सिट प्राप्त गरेको छ। यता, नेकपा(एस)ले ३ दशमलव ७४ प्रतिशत मत र नेपाल मजदुर किसान पार्टीले ३ दशमलव ६८ प्रतिशत मत प्राप्त गरी समान दुई सिट प्राप्त गरेका छन्। हाम्रो नेपाली पार्टीले २ दशमलव ५७ प्रतिशत मतले एक सिट संङ्ख्या प्राप्त गरेको छ।

**गण्डकी प्रदेश**

गण्डकी प्रदेशमा चार राजनीतिक दलले 'थ्रेस होल्ड' कटाएर प्रदेशसभा सदस्य प्राप्त गरेका छन्। नेकपा (एमाले)ले ३९ दशमलव ०३ प्रतिशत मतले १० र नेपाली कांग्रेसले ३७ दशमलव ०८ प्रतिशत मतले नौ सिट प्राप्त गरेको छ। नेकपा(माओवादी केन्द्र)ले १२ दशमलव ४ प्रतिशत मतले तीन सिट र हाम्रो नेपाली पार्टीले ६ दशमलव ३१ प्रतिशत मतले दुई सिट प्राप्त गरेको छ।

**लुम्बिनी प्रदेश**

यस प्रदेशमा १० राजनीतिक दलले 'थ्रेस होल्ड' कटाएका छन्। नेकपा (एमालले) ले ३२ दशमलव १२ प्रतिशत मतले ११ सिट र नेपाली कांग्रेसले २८ दशमलव १३ प्रतिशत मतले १० सिट सङ्ख्या प्राप्त गरेको छ। नेकपा(माओवादी केन्द्र)ले ११ दशमलव १६ प्रतिशत मतले चार, राष्ट्रिय प्रजातन्त्र पार्टीले ७ दशमलव १७ प्रतिशत मतले दुई, नागरिक उन्मुक्ति पार्टीले ७ दशमलव ०६ प्रतिशत मतले दुई र जनमत पार्टीले ४ दशमलव ५९ प्रतिशत मतले दुई सिट प्राप्त गरेको छ।

त्यसैगरी जसपा नेपालले ३ दशमलव ४२ प्रतिशत मतले एक, नेकपा(एस)ले २ दशमलव ४ प्रतिशत मतले एक, लोसपा नेपालले २ दशमलव १२ प्रतिशत मतले एक र राष्ट्रिय जनमोर्चाले १ दशमलव ८४ प्रतिशत मतले एक सिट प्राप्त गरेको छ।

**कर्णाली प्रदेश**

कर्णाली प्रदेशमा छ राजनीतिक दलमध्ये पाँच दलले सिट प्राप्त गरेका छन्। नेकपा (एमाले)ले ३२ दशमलव ७१ प्रतिशत र नेपाली कांग्रेसले ३० दशमलव ३६ प्रतिशत मतले समान पाँच सिट सङ्ख्या प्राप्त गरेका छन्।

नेकपा(माओवादी केन्द्र)ले २४ दशमलव ४७ प्रतिशत मतले चार सिट प्राप्त गरेको छ। यस्तै नेकपा(एस)ले ६ दशमलव ३७ प्रतिशत मत र राप्रपाले ४ दशमलव ४७ प्रतिशत मतले एक/एक सिट प्राप्त गरेको छ।

**सुदूरपश्चिम प्रदेश**

यस प्रदेशमा छ राजनीतिक

*बाँकी अन्तिम पृष्ठमा*

**आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार**



**तपाईंकै सहर राजविराजमा**



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं।

**पुष मसान्तसम्म फेको प्रविधिद्वारा मोतिबिन्दुको शल्यक्रियामा २०% छुट तथा ज्येष्ठ नागरिकहरुका लागि OPD FEE निःशुल्क**

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय** : बिहान ८:३० देखि ५:०० बजेसम्म

**जग्गा बिक्रिमा**

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ। जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**सम्पर्क नं. ०३१-५३०४३४**

**मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा वोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# महिलाहरुप्रति तीनै तहका सरकार गम्भिर बनौं

मुलुकको हरेक क्षेत्रमा महिलाहरु सरकारले छुट्टै आरक्षण प्रदान गरेको छ। तर, ती आरक्षणको पूर्ण पालना हुन सकिरहेको छैन्। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा महिलाहरुको जिविकोपार्जन तथा स्वास्थ्यस्थिति सुधारका लागि थुप्रै प्रयासहरु भएका छन्। यस्ता प्रयासहरु हुनु सकारात्मक पक्ष हो। तर, प्रयास गरेर मात्र नभएर त्यसलाई सुधारको बाटोतर्फ अगाडी बढाउनु आवश्यक छ। अहिले पनि ग्रामीण क्षेत्रमा महिलाहरुको पहुँच सन्तोषजनक छैन् भने यौन तथा प्रजनन् स्वास्थ्यको अवस्थामा त्यस्तै छ।

महिलालाई अहिले पनि सन्तान उत्पादन गर्ने मेशिनका रुपमै हेर्ने गरिएको छ। सानै उमेरमा आमा बन्नुपर्ने, धेरै सन्तान जन्माउनुपर्ने, अनिच्छित गर्भधारण गर्नुपर्ने जस्ता बाध्यकारी अवस्थामा कारण नेपालमा अहिले पनि बहुसंख्यक महिलाहरु पाठेघरको समस्याबाट प्रभावित हुन्छ। महिला, किशोरकिशोरी र युवाहरुको प्रजनन स्वास्थ्यलाई अधिकारका रुपमा स्थापित गरी प्रजनन् स्वास्थ्य सेवामा पहुँच बढाउनु पर्ने आवश्यक छ। अहिले पनि हाम्रा समाजमा महिलाले आफ्नो प्रजनन् स्वास्थ्य अधिकार सम्बन्धि स्वतन्त्र रुपमा निर्णय गर्न सक्ने वातावरण बन्न सकिरहेको छैन।

सामाजिक, सांस्कृतिक तथा आर्थिक अधिकारको धारामा प्राथमिक स्वास्थ्य सेवालाई राज्यको दायित्वको रुपमा पहिचान गरेको छ। तसर्थ यसतर्फ सम्बन्धित निकाय र तीनै तहका सरकारले ध्यान पुऱ्याउनु अतिआवश्यक रहेको छ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. कालीप्रसाद यादव**
**Dr. Kali Prasad Yadav**
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# एक सय ६५ निर्वाचन क्षेत्रबाट को को सांसद बने ?

**काठमाडौं**/निर्वाचन आयोगले प्रतिनिधि सभाका १ सय ६५ वटै निर्वाचन क्षेत्रको मतपरिणाम सार्वजनिक गरेको छ।

मंसीर १९ गते बिहान दोलखाको मतगणना सकिएसँगै सबै निर्वाचन क्षेत्रको मतपरिणाम आएको हो। दोलखाबाट नेकपा (माओवादी केन्द्र)का उम्मेदवार गंगा कार्की प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएका छन्। यहाँका १० वटा मतदानकेन्द्रमा पुनः मतदान भएकाले ढिलाइ भएको हो।

नेपाली कांग्रेसले ५७, नेकपा (एमाले) ले ४४, माओवादीले १८, नेकपा (एकीकृत समाजवादी)ले १०, जनता समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीले सात-सात, लोकतान्त्रिक समाजवादी पार्टीले चार, नागरिक उन्मुक्ति पार्टीले तीन, राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी र जनमत पार्टीले एक-एक सीट जितेको छ। त्यस्तै, पाँच जना स्वतन्त्र उम्मेदवार पनि निर्वाचित भएका छन्।

**नेपाली कांग्रेसका सांसदः**
१) विश्व प्रकाश शर्मा (झापा-१)
२) दीपक खड्का (संखुवासभा)
३) सीता गुरुङ (तेह्रथुम)
४) डिगबहादुर लिम्बू (मोरङ-१)
५) शुनिलकुमार शर्मा (मोरङ-३)
६) डा. शेखर कोइराला (मोरङ-६)
७) ज्ञानेन्द्रबहादुर कार्की सुनसरी-४)
८) रामहरि खतिवडा (ओखलढुंगा)
९) डा. नारायण खड्का (उदयपुर-१)
१०) दिनेशकुमार यादव (सप्तरी-३)
११) तेजुलाल चौधरी (सप्तरी-४)
१२) रामकृष्ण यादव (धनुषा-२)
१३) महेन्द्र कुमार राय (महोत्तरी-४)
१४) देवप्रसाद तिमलसेना (रौतहट-४)
१५) अजयकुमार चौरसिया (पर्सा-२)
१६) रमेश रिजाल (पर्सा-४)
१७) पूर्णबहादुर तमाङ (रामेछाप-१)
१८) श्यामकुमार घिमिरे (सिन्धुली-१)
१९) मोहन आचार्य (रसुवा)
२०) रामनाथ अधिकारी (धादिङ-२)
२१) अर्जुन नरसिंह केसी (नुवाकोट-२)
२२) प्रकाशमान सिंह (काठमाडौं-१)
२३) सन्तोष चालिसे (काठमाडौं-३)
२४) गगनकुमार थापा (काठमाडौं-४)
२५) प्रदीप पौडेल (काठमाडौं-५)
२६) राजेन्द्रकुमार केसी (काठमाडौं-१०)
२७) दुर्लभ थापा क्षेत्री (भक्तपुर-२)
२८) उदय शम्शेर राणा (ललितपुर-१)
२९) मोहनबहादुर बस्नेत (सिन्धुपाल्चोक-२)
३०) राजेन्द्र बजगाई (गोरखा-१)
३१) टेकबहादुर गुरुङ (मनाङ)
३२) रामचन्द्र पौडेल (तनहुँ-१)
३३) शंकर भण्डारी (तनहुँ-२)
३४) राजु थापा (स्याङ्जा-१)
३५) धनराज गुरुङ (स्याङ्जा-२)
३६) शशांक कोइराला (नवलपरासी पूर्व-१)
३७) विष्णुकुमार कार्की (नवलपरासी पूर्व-२)
३८) योगेश गौचन थकाली (मुस्ताङ)
३९) खमबहादुर गर्बुजा (म्याग्दी-१)
४०) चन्द्रकान्त भण्डारी (गुल्मी-१)
४१) सुरेन्द्रराज आचार्य (कपिलवस्तु-२)
४२) दीपक गिरी (दाङ-३)
४३) किशोरसिंह राठोर (बाँके-३)
४४) सञ्जयकुमार गौतम (बर्दिया-१)
४५) विनोदकुमार चौधरी (नवलपरासी पश्चिम-१)
४६) ऐनबहादुर शाही ठकुरी (मुगु)
४७) दिक्पालकुमार शाही (दैलेख-२)
४८) पूर्णबहादुर खड्का (सुर्खेत-१)
४९) हृदयराम थानी (सुर्खेत-२)
५०) बद्रीप्रसाद पाण्डे (बाजुरा)
५१) पुष्पबहादुर शाह (अछाम-२)
५२) वीरबहादुर बलायर (कैलाली-४)
५३) डिल्लीराज पन्त (कैलाली-५)
५४) दिलेन्द्रप्रसाद बडू (दार्चुला)
५५) शेरबहादुर देउवा (डडेलधुरा)
५६) नारायण प्रकाश साउद (कञ्चनपुर-२)
५७) रमेश लेखक (कञ्चनपुर-३)

**नेकपा (एमाले)का सांसदः**
१) योगेश कुमार भट्टराई (ताप्लेजुङ)
२) वसन्तकुमार नेम्वाङ (पाँचथर)
३) महेश बस्नेत (इलाम-१)
४) सुवासचन्द्र नेम्वाङ (इलाम-२)
५) देवराज घिमिरे (झापा-२)
६) लालप्रसाद साँवा लिम्बू (झापा-४)
७) केपी शर्मा ओली (झापा-५)
८) राजेन्द्रकुमार राई (धनकुटा)
९) ऋषिकेश पोखरेल (मोरङ-२)
१०) भीमप्रसाद आचार्य (सुनसरी-२)
११) भगवती चौधरी (सुनसरी-३)
१२) मानवीर राई (सोलुखुम्बु)
१३) अम्वरबहादुर रायामाझी (उदयपुर-२)
१४) रामशंकर यादव (सिराहा-१)
१५) लिलानाथ श्रेष्ठ (सिराहा-३)
१६) जुलीकुमारी महतो (धनुषा-३)
१७) रघुवीर महासेठ (धनुषा-४)
१८) लक्ष्मी महतो कोइरी (महोत्तरी-१)
१९) हरिप्रसाद उप्रेती (सर्लाही-३)
२०) अच्युतप्रसाद मैनाली (बारा-१)
२१) ज्वालाकुमारी साह (बारा-३)
२२) राजकुमार गुप्ता (पर्सा-३)
२३) कृष्णगोपाल श्रेष्ठ (काठमाडौं-९)
२४) प्रेमबहादुर महर्जन (ललितपुर-२)
२५) गोकुलप्रसाद बाँस्कोटा (काभ्रेपलाञ्चोक-२)
२६) महेशकुमार वर्तौला (मकवानपुर-२)
२७) पृथ्वी सुब्बा गुरुङ (लमजुङ)
२८) मनबहादुर गुरुङ (कास्की-१)
२९) विधा भट्टराई (कास्की-२)
३०) दामोदर पौडेल वैरागी (कास्की-३)
३१) पदम गिरी (पर्वत)
३२) गोकर्ण विष्ट (गुल्मी-२)
३३) नारायणप्रसाद आचार्य (पाल्पा-१)
३४) ठाकुरप्रसाद गैरे (पाल्पा-२)
३५) टोपबहादुर रायमाझी (अर्घाखाँची)
३६) छविलाल विश्वकर्मा (रुपन्देही-१)
३७) विष्णुप्रसाद पौडेल (रुपन्देही-२)
३८) बासुदेव घिमिरे (रुपन्देही-५)
३९) बलराम अधिकारी (कपिलवस्तु-१)
४०) मंगलप्रसाद गुप्ता (कपिलवस्तु-३)
४१) सूर्यबहादुर थापा क्षेत्री (प्यूठान)
४२) सूर्यप्रसाद ढकाल (बाँके-१)
४३) दामोदर भण्डारी (बैतडी)
४४) तारा लामा तामाङ (कञ्चनपुर-१)

**नेकपा (माओवादी केन्द्र) का सांसदः**
१) सुदन किराती (भोजपुर)
२) अमनलाल मोदी (मोरङ-४)
३) रामकुमार राई (खोटाङ)
४) महिन्द्र राय यादव (सर्लाही-२)
५) लेखनाथ दाहाल (सिन्धुली-२)
६) हितबहादुर तामाङ (नुवाकोट-१)
७) सूर्यमान तामाङ (काभ्रेपलाञ्चोक-१)
८) माधव सापकोटा (सिन्धुपाल्चोक-१)
९) पुष्पकमल दाहाल (गोरखा-२)
१०) देवेन्द्र पौडेल (बागलुङ-२)
११) पूर्णबहादुर घर्ती मगर (रुकुम पूर्व)
१२) वर्षमान पुन (रोल्पा)
१३) रेखा शर्मा (दाङ-२)
१४) महेन्द्रबहादुर शाही (कालिकोट)
१५) छिरिङ डम्डुल लामा (हुम्ला)
१६) शक्तिबहादुर बस्नेत (जाजरकोट)
१७) जनार्दन शर्मा (रुकुम पश्चिम)
१८) गंगा कार्की (दोलखा)

**नेकपा (एकीकृत समाजवादी)का सांसदः**
१) माधवकुमार नेपाल (रौतहट-१)
२) कृष्णकुमार श्रेष्ठ (बारा-४)
३) राजेन्द्रप्रसाद पाण्डे (धादिङ-१)
४) मेटमणि चौधरी (दाङ-१)
५) प्रकाश ज्वाला (सल्यान)
६) धनबहादुर बुढा (डोल्पा)
७) अम्मरबहादुर थापा (दैलेख-१)
८) शेरबहादुर कुँवर (अछाम-१)
९) भानुभक्त जोशी (बझाङ)
१०) प्रेमबहादुर आले (डोटी)

**जनता समाजवादी पार्टी, नेपालका सांसदः**
१) अशोककुमार राई (सुनसरी-१)
२) नवल किसोर साह सुडी (सप्तरी-१)
३) राज किशोर यादव (सिराहा-२)
४) वीरेन्द्रप्रसाद महतो (सिराहा-४)
५) दीपक कार्की (धनुषा-१)
६) रामसहाय प्रसाद यादव (बारा-२)
७) प्रदीप यादव (पर्सा-१)

**राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदः**
१) राजेन्द्रप्रसाद लिङ्देन (झापा-३)
२) दीपकबहादुर सिंह (मकवानपुर-१)
३) विक्रम पाण्डे (चितवन-३)
४) दीपक बोहरा (रुपन्देही-३)
५) धवलशम्मशेर जगंबहादुर राणा (बाँके-२)
६) ध्रुवबहादुर प्रधान (नवलपरासी पश्चिम-२)
७) ज्ञानबहादुर शाही (जुम्ला)

**राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदः**
१) सोविता गौतम (काठमाडौं-२)
२) शिशिर खनाल (काठमाडौं-६)
३) गणेश पराजुली (काठमाडौं-७)
४) विराजभक्त श्रेष्ठ (काठमाडौं-८)
५) तोसीमा कार्की (ललितपुर-३)
६) हरि ढकाल (चितवन-१)
७) रवि लामिछाने (चितवन-२)

**लोकतान्त्रिक समाजवादी पार्टीका सांसदः**
१) शरतसिंह भण्डारी (महोत्तरी-२)
२) महन्थ ठाकुर (महोत्तरी-३)
३) रामप्रकाश चौधरी (सर्लाही-१)
४) सर्वेन्द्र नाथ शुक्ला (रुपन्देही-४)

**नागरिक उन्मुक्ति पार्टीका सांसदः**
१) रञ्जिता श्रेष्ठ (कैलाली-१)
२) अरुनकुमार चौधरी (कैलाली-२)
३) गंगाराम चौधरी (कैलाली-३)

**राष्ट्रिय जनमोर्चाका सांसदः**
१) चित्रबहादुर केसी (बागलुङ-१)

**नेपाल मजदुर किसान पार्टीका सांसदः**
१) प्रेम सुवाल (भक्तपुर-१)

**जनमत पार्टीका सांसदः**
१) चन्द्रकान्त राउत 'सीके' (सप्तरी-२)

**स्वतन्त्र सांसदः**
१) योगेन्द्र मण्डल 'जोगिसर' (मोरङ-५)
२) अमरेशकुमार सिह (सर्लाही-४)
३) किरणकुमार साह (रौतहट-२)
४) प्रभु साह (रौतहट-३)
५) लालवीर चौधरी (बर्दिया-२)


**डेंगुबाट बचौं**
- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**महादेवा गाउँपालिका**
**महादेवा, सप्तरी**

# मधेसीहरू कहिलेसम्म अपहेलनामा ?

**नवीन यादव**

मधेसीहरू यो देशका नागरिक हुन् । तर मधेसीको राष्ट्रियतामाथि पटक पटक तेजाब छर्किने काम भइरहेको छ । मधेसीलाई दोस्रो दर्जाको नागरिकको ट्याग लगाइएको छ ।

दुई साता पहिलेको कुरा हो । काठमाडौं, थापाथलीस्थित वागमती किनारमा बसोबास गर्दै आएका सुकुम्बासीको टहरा भत्काउन नगरप्रहरी पुगे । सुकुम्बासीहरू त्यसको चर्को प्रतिकार गर्दै प्रहरीमाथि ढुंगामुढा पनि गरे । यसैबीच त्यस आन्दोलनमा सहभागी केही सुकुम्बासीहरूले काठमाडौं महानगरपालिका प्रमुख बालेन साहलाई 'मधेसी....' कहाँ कहाँबाट आएर हामीमाथि शासन गर्ने भनेर रिस पोखे ।

यस्ता अपमानजनक आक्रोशित अभिव्यक्तिले बालेनलाई मात्र नभएर पुरै मधेसी समुदायलाई विक्षिप्त बनायो । सुकुम्बासीको झगडा महानगर सँगको हो, बालेनको पद सँगको हो । बालेनको जात, समुदायसँगको होइन, मधेससँग होइन । तर पनि मधेसीलाई लक्षित गरी बालेनलाई गाली गरियो । मधेसीको राष्ट्रियतालाई छड्के आँखाले हेरियो ।

यदि बालेनको ठाउँमा पहाडी समुदायका मेयर भएको भए, उनको राष्ट्रियतालाई आघात हुने गरी दुर्वाच्य बोलिदैनथ्यो होला । यसबारे मधेसी आयोगले पनि ध्यानाकर्षण गरेको छ ।

त्यसो त काठमाडौंलगायत कतिपय पहाडी जिल्लावासीको लागि मधेसीलाई अपहेलित गर्नु नयाँ कुरा होइन । राणाकालदेखि नै मधेसीहरू हेपिदै आइरहेको छन् ।

म स्वयम् मधेसी भएकै कारण आफ्नो साथीहरूबाट कयौं पछक अपहेलित भएको छु । कक्षा चारसम्म सप्तरीमै पढेपछि म धरानको एउटा नाम चलेको स्कुलमा कक्षा पाँचमा भर्ना भएको थिएँ । क्लास ज्वाइन गरेको दुई महिना पनि भएको थिएन । क्लासका साथीहरू मसँग अरूभन्दा फरक व्यवहार गरिरहेको कुरा महसुस हुन थाल्यो । साथीहरूको हेराई, बोलाई मप्रति निकै फरक थियो । साथीहरूले मलाई 'भैया' भनेर बोलाउँथे ।

मेरो मातृभाषा मैथिली हो । मैथिलीमा भैया भनेको दाइ हो । मेरै उमेरका साथीहरू मलाई भैया किन भनेको होलान् भन्ने लाग्थ्यो । अलि बुझ्ने भएपछि एकदिन पूर्वाञ्चल इन्जिनियरिङ क्याम्पसमा अध्यनरत मधेसी मुलको एक जना दाईलाई सोधे, 'दाइ, मेरै उमेरका मेरा साथीहरू मलाई भैया किन भन्छन् ?'

उहाँको जवाफ थियो, 'पहाडका केही मानिसहरूलाई मधेसीहरु भारतीय नागरिक हो भन्ने लाग्छ । तिमीले बोलेको नेपाली अशुद्ध थियो होला । तिमीले बोलेको नेपालीमा मैथिली शब्दको मिसावट भएको होला । त्यही भएर उनीहरू तिमीलाई नेपाली नठानेको हुन सक्छन् ।'

दाइको जवाफले म स्तब्ध भएँ । दाईले अन्तिममा एउटा कुरा अझै थप्नु भयो, 'भाई, चिन्ता नगर । मलाई पनि सानैदेखि केही पहाडा साथीहरू अनेक शब्दले भन्छन् । पहिले पहिले त मलाई पनि रिस उठ्थ्यो, दुःख लाग्थ्यो । अब यी शब्दहरूबाट रेसिस्ट भइसकेको छु ।'

दाईको कुराले मेरो दुखेको मनमा मलम त लगाउन सकेन । तर भैया शब्दको अर्थ भने मज्जाले बुझे । म नेपाली हो र मेरा पुर्खाहरु पनि नेपाली नै हुन् भन्ने कुराको चेत ममा नभएको होइन तर पनि साथीहरूले मेरो राष्ट्रियतामाथि शंका गर्दा निकै दुःख लागेको थियो । अझै त्यो पुरानो चोट घरी घरी बल्झिन्छ । झन् हालैको बालेनलाई आरोपित घटनाले घाउमा नुन छर्किने काम गरेको छ ।

मधेसीहरू यस्ता अपमानित अमर्यादित दुर्वचन दिनहुँ खेप्ने गरेका छन् । तरकारी, फलफुल बेच्ने, कपाल काट्ने, प्लास्टिक टिप्नेहरू मधेसी हुन् र मधेसी भारतीय हुन् भन्ने धारणा अझैसम्म धेरैमा भएको पाइन्छ । कालो वर्ण र धोती लगाउने भारतीयहरू अस्थायी रूपमा नेपालको दक्षिण भूमिमा केही समयसम्म बस्न मात्र आएका हुन् भन्ने तर्क पनि केहीमा रहेको देखिन्छ ।

कालो छाला भएको तथा मैथिली, भोजपुरी बोल्नेलाई हेर्ने बित्तिकै उ भारतीय हो भन्ने लख काटिन्छ । जागिर या अध्ययन गर्न पहाड उक्लिएका तराईका मूलवासी मधेसी तथा भारतबाट नेपालको पहाडी क्षेत्रमा व्यापार गर्न आएका भारतीयलाई एउटै कित्तामा राखेर हेरिन्छ ।

हजुरबुबा, हजुरआमा उमेरकाले छोराछोरी उमेरका मधेसीहरूलाई भैया भनेर सम्बोधन गर्छन् । सर्वसाधारणबाट मात्र होइन, कहिलेकाहीँ पढे लेखेको बुद्धिजीवी, पत्रकार, सरकारी कर्मचारी, नेताहरूबाट पनि मधेसीलाई नेपाली ठान्नबाट इन्कार गरिएको देखिन्छ । उनीहरूबाट पनि मधेसीहरू तिरस्कृत हुने गरेको देखिन्छ । यस्ता थुप्रै उदाहरण छन् ।

केही वर्ष पहिले नेकपाका एक नेताले मधेसीहरू कालो वर्णको छन्, त्यही भएर असोज ३ लाई कालो दिन मनाउँछन् भनेर ट्वीट गरेका थिए । मधेसीहरूको चर्को विरोधपछि उनले पोष्ट हटाएका थिए ।

भुटान, बर्मा, भारतको दार्जिलिङ, सिक्किमबाट अस्थायी रूपमा नेपाल बस्न आएका नेपालीभाषीहरूसँग कहिल्यै गैरनागरिक जस्तो व्यवहार गरिएन तर तराईका विशुद्ध नेपालीहरूलाई भाषा, रंग, रहनसहनकै आधारमा किन भारतीय ठानिन्छ ? किन भाषा र रंगमा राष्ट्रियता खोजिन्छ ?

यस्तै विविध विभेदका कारण जनमत पार्टीका अध्यक्ष सीके राउत कुनैबेला मधेसलाई नेपाल भन्दा पृथक मुलक बनाउनतिर लागेका थिए । किनकि उनी पनि मधेसी भएकै कारण काठमाडौंमा कैयौं पटक केही पहाडी समुदायबाट अपहेलित भएका थिए । त्यसैले, मधेसलाई छुट्टै पहिचान दिन खोजेका थिए । उनले नेतृत्व गरेको जनमत पार्टी राष्ट्रिय पार्टी भई संसदीय राजनीतिको मूलधारमा आएको छ । तै पनि उनको राष्ट्रियतामाथि अहिले पनि औंला ठड्याइदै छ ।

हुन त मधेसीलाई राणाकालदेखि नै गैरनागरिक सरह व्यवहार गरिँदैछ । राणाकाल, शाहकाल, पञ्चायती व्यवस्थाको अन्त्य भयो । प्रजातन्त्र आयो, लोकतन्त्र आयो । मधेसीहरुकै जोडबलमा संघीयता आयो । तर भावनात्मक रूपमा मधेसी अझै पनि आफ्नै देशमा गैरनागरिक जस्तो तिरस्कृत भइरहेका छन् । अब यो अपहेलना बन्द हुनुपर्छ ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक मुलुक हो । विविधतायुक्त विशेषता भएको मुलुकमा भाषा, धर्म, रहनसहन, खानपिन, चाडपर्व, रंगरूप, लुगाफाटाको आधारमा कसैको राष्ट्रियता मापन गर्नु भनेको बचकना हो । सीके राउत मूलधारको राजनीतिमा आइसकेका छन् । उनी जस्तालाई पुनः देश टुर्क्याउने अस्वाभाविक मनोक्रान्ति अरू मधेसीमा पैदा हुन नदिन मधेसीहरु पनि अरू नेपाली जत्तिकै विशुद्ध नेपाली हुन् भन्ने कुराको चेत सबैमा आउन जरूरी छ । रातोपाटीबाट


## डेंगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

छिन्नमस्ता गाउँपालिका
छिन्नमस्ता, सप्तरी



## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# नयाँ सरकारलाई चुनौतीका चाङ

**रिवाज पौडेल**

नेपालमा भर्खरै आवधिक निर्वाचन भएको छ, यो निर्वाचनले जनताको अपेक्षा पूरा गर्न नसकेका वर्तमान नेता र दलहरूप्रति जनता निराश छन् भन्ने सङ्केत देखाएको छ। त्यसैले पुराना दलले अपेक्षाअनुसारको मत पाएनन् र राष्ट्रिय स्वतन्त्र पार्टी र मधेसमा जनमत जस्ता केही नयाँ दलले अपेक्षा भन्दा बढी मत पाए। २०७२ सालमा संविधान जारी भएपछिको दोस्रो निर्वाचन भएकाले यो निर्वाचन आफैमा नेपालको लोकतन्त्रका लागि र देशको प्रणालीलाई स्थिर बनाउन महत्त्वपूर्ण हुन सक्छ।

यस निर्वाचनबाट पाठ सिकेर दलहरूले जनताको अपेक्षाअनुरूप काम गरेमा यो निर्वाचनले नेपालको भविष्य निर्माण गर्न सक्छ र देशलाई समृद्धितर्फ लैजान सक्छ। तर, नयाँ सरकारलाई जनताको अपेक्षाअनुरूप काम गर्नका लागि धेरै चुनौती छन्।

यो निर्वाचनको नतिजा नयाँ सरकार गठनका लागि आफैंमा चुनौतीपूर्ण छ। कुनै पनि दलले बहुमत नपाएकाले गठबन्धनले नयाँ सरकार बनाउनुपर्छ। यस्तो चुनावी परिणामले राजनीतिक अस्थिरताका कारण नराम्रो भनेर चिनिने नेपालजस्तो मुलुकमा राजनीतिक अस्थिरतालाई झनै बढाउँछ।

दुई वर्षसम्म सरकारविरुद्ध अविश्वासको प्रस्ताव ल्याउन नसकिने संवैधानिक व्यवस्थाबाट केही राहत मिल्ने भए पनि गठबन्धन दलहरूबीच द्वन्द्व भयो भने सरकारलाई सदनमा काम गर्न गाह्रो हुनेछ। नयाँ सरकार बनेपछि पनि फरक-फरक विचारधाराका दलहरूबीच काम गर्न सरकारका लागि सधैं चुनौतीपूर्ण रहन सक्छ।

सशस्त्र द्वन्द्वपछि नेपालमा ठूला राजनीतिक र सामाजिक परिवर्तन भए पनि संक्रमणकालीन न्यायको प्रक्रिया अझै टुंगिएको छैन। अन्तरराष्ट्रिय क्षेत्र र मानवअधिकार समूहको नजरमा रहेको सङ्क्रमणकालीन न्यायको मुद्दा एउटा महत्वपूर्ण र लामो समयदेखि समाधान नभएको राजनीतिक मुद्दा हो, नयाँ सरकारका लागि यसलाई सकेसम्म चाँडो समाधान गर्नुपर्ने चुनौती अगाडि रहेको छ।

**आर्थिक, सामाजिक चुनौती**

कोरोना महामारीपछि प्रायः सबै देश आर्थिक कठिनाइहरू समाधान गर्न संघर्ष गरिरहेका छन् र एकै समयमा विश्व बढ्दो मुद्रास्फीति र मन्दीको डरसँग पनि जुधिरहेको छ। नयाँ सरकारसामु आर्थिक समस्यालाई सम्बोधन गर्ने र जनतालाई गरिबीको चपेटामा पर्नबाट रोक्ने चुनौती छन्।

अधिकांश दलले चुनावी प्रचारका क्रममा उठाएका प्रमुख मुद्दाहरूमध्ये स्वदेशभित्रै रोजगारीका अवसरहरू सिर्जना गर्ने र युवाहरूलाई स्वदेशभित्रै बस्ने वातावरण उपलब्ध गराउने पनि थियो। यसका लागि नयाँ सरकारले देशभित्र उद्योग तथा कम्पनी स्थापना गरी रोजगारीका अवसर सिर्जना गर्न अभूतपूर्व काम गर्नुपर्छ।

सरकारले लगानीमैत्री वातावरण बनाई लगानीकर्तालाई आश्वस्त पार्नुपर्छ। पहिलेदेखि नै संघर्षरत उद्योग र क्षेत्रलाई सहयोग गर्ने नीति बनाउनु पर्छ। नयाँ सरकारले स्वदेशी र विदेशी लगानीकर्तालाई आकर्षित गर्न सक्ने नीतिहरू घोषणा गर्नुपर्छ, जुन देशका लागि रोजगारीका अवसरहरू सिर्जना गर्न र प्राविधिक विकासका लागि महत्त्वपूर्ण हुन सक्छ।

नयाँ सरकारले देशको वित्तीय नियमनलाई सुदृढ गर्न मद्दत गर्न सक्ने विभिन्न कानूनहरू बनाउने काम पनि गर्नुपर्छ, जसले अन्तरराष्ट्रिय रूपमा नेपालको क्रेडिट रेटिङ सुधार गर्न र लगानीकर्ताहरूलाई आकर्षित गर्न मद्दत गर्न सक्छ। तर, विभिन्न आर्थिक परिसूचकहरूमा कमजोर रहेको नेपालजस्तो मुलुकमा नयाँ लगानीकर्तालाई आकर्षित गर्नु र रोजगारीका अवसरहरू उपलब्ध गराउनु नयाँ सरकारका लागि प्रमुख चुनौती हुन सक्छ।

ट्रान्सपरेन्सी इन्टरनेशनलका अनुसार नेपाल सन् २०२१ मा सबैभन्दा कम भ्रष्टाचार हुने देशको १८० मध्ये ११७ औं स्थानमा छ। चुनावी अभियानमा करिब सबै दलले भ्रष्टाचारविरुद्ध वकालत गरे पनि सरकार गठनपछि विगतदेखि देशको विकासमा बाधा पुर्‍याइरहेको भ्रष्टाचार रोक्नु सरकारलाई चुनौतीपूर्ण हुन सक्छ।

त्यस्तै, विदेशी मुद्रा सञ्चितिमा तीव्र कमी आउनु, तरलता संकट, सुस्त आर्थिक वृद्धि, रोजगारीका अवसरको अभाव, बढ्दो व्यापार घाटा, बढ्दो मुद्रास्फीति लगायतका आर्थिक समस्या सम्बोधन गर्नुपर्ने चुनौती पनि नयाँ सरकारका अगाडि रहेका छन्।

**भूराजनीतिक चुनौती**

भूराजनीतिक घटनाक्रमहरू सधैं सानो देशका लागि चिन्ताको विषय बन्ने गरेको छ, विशेष गरी ती मुलुकहरूका लागि जसले भूराजनीतिमा कम भूमिका खेल्छन् तर भूराजनीतिको नकारात्मक प्रभावको सामना गर्नु परेको छ।

विश्वको भूराजनीतिक वातावरण कहिल्यै स्थिर हुन सकेको छैन। वर्तमान समयमा पनि विश्वको भूराजनीति अत्यन्त अस्थिर छ। खास गरी रुस-युक्रेन युद्ध र घरेलु मामिलामा साना राष्ट्रप्रति ठूला राष्ट्रको बढ्दो हस्तक्षेप चिन्ताजनक छ। दुई ठूला राज्य भारत र चीनको बीचमा रहेको नेपालजस्तो देशको भूराजनीतिमा पनि उच्च संवेदनशीलता छ र छिमेकीसँग व्यवहार गर्दा सधैं सन्तुलित नीति अवलम्बन गर्नुपर्छ।

नेपाल दुई विश्वशक्ति चीन र भारतको बीचमा रहेकाले यसले अन्य विश्व खेलाडीको चासो बढाउन सक्छ र नयाँ सरकारले आफ्ना निकटका छिमेकीहरूबीच सन्तुलित सम्बन्ध कायम गर्ने र अन्य राष्ट्रहरूसँग मित्रवत सम्बन्धलाई बिग्रन नदिई छिमेकीहरूसँग सुमधुर सम्बन्ध कायम गर्नुपर्ने चुनौतीको सामना गर्न सक्छ।

एउटा उदाहरण एमसीसीका बेला अमेरिका र चीनबीच नेपाललाई लिएर मौखिक युद्ध भएको थियो, त्यस प्रकारको दबाब नयाँ सरकारका लागि चुनौतीका रूपमा रहन सक्छ।

त्यसै गरी, लामो समयदेखि विचाराधीन रहेको सीमा विवादबारे निकट छिमेकी भारतसँग वार्ता सुरु गर्ने र नयाँ नक्सामा छापिएको भूगोल फिर्ता ल्याउने चुनौती पनि नयाँ सरकारसँग छ।

साथै, सार्क शिखर सम्मेलनको अध्यक्ष नेपाल भएकाले सार्क राष्ट्रहरूलाई एकजुट गरी लामो समयदेखि अलपत्र रहेको सार्क शिखर सम्मेलन गर्न पहल गर्ने दायित्व पनि नयाँ सरकारसंग रहेको छ। यी सबै चुनौतीका बीचमा नयाँ सरकारले जनताको अपेक्षाअनुरूप काम गर्नुपर्छ, अन्यथा सत्तामा रहेका दलहरूलाई अर्को चुनावमा जनताको सामना गर्न र अपेक्षाअनुरूप भोट पाउन गाह्रो हुनेछ। रातोपाटीबाट


डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन
मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७



डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मलः** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

# स्वयंसेवक दिवसको स्यानिटरी प्याड वितरण




**राजविराज**/सोमबार राजविराजमा महिलाहरुलाई स्यानिटरी प्याड वितरण गरिएको छ।

अन्तर्राष्ट्रिय स्वयंसेवक दिवसको अवसरमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत मूल समारोह समितिको आयोजनामा राजविराजस्थित सहिद दशन चोकमा अधिकारकर्मीहरुले स्यानिटरी प्याड वितरण गरेका हुन्।

गजेन्द्र नारायण सिंह अस्पतालबाट उपलब्ध एक सय २० पोका र ग्रिन नेपालबाट उपलब्ध ८४ पोका स्यानिटरी प्याड वितरण गरिएको ग्रिन नेपालका कोषाध्यक्ष दिपक दासले जानकारी दिएका छन्।

स्वयंसेवाको माध्यमबाट सकारात्मक परिवर्तन ल्याउने सामूहिक मानवताको शक्तिलाई प्रकाश पार्न र महिनाबारी सम्बन्धमा रहेको गहिरो अन्धविश्वास, डर र मौनतालाई तोड्न सडक पेटीमा बसेर स्यानिटरी प्याड वितरण गरिएको हो।

महिनाबारीसँग जोडेर कुनै पनि किसिमको छुवाछुत, विभेद, दुर्व्यवहार वा हिंसा गर्न नहुने र मर्यादापुर्वक जिउन पाउनु पर्नेमा सामुदायिक सेवा केन्द्रका अध्यक्ष हितनारायण लाल दासले जोड दिए। महिनाबारीले हाम्रो वरपर भएका मिथ्या, भ्रम, कुसस्कारलाई फोर्दै, चिर्दै सशक्तिकरण गर्न स्यानिटरी प्याड वितरण गरिएको ओसिएमसीकी फोकल पर्सन मनिषा सिम्खडाले बताइन्।

'स्वयंसेवामार्फत ऐक्यबद्धता' नाराका साथ बाटो हिंडने महिला र किशोरीहरुलाई प्याडको प्रयोग र उपयोगिता बारे जानकारी दिदै अधिकारकर्मीहरुले लैङ्गिक हिंसा नगर्न र नसहन अपील समेत गरे।

बढ्दो असमानताले उत्पन्न समस्याको साझा समाधान खोज्नको लागि मिलेर काम गर्न आवश्यक छ भनी सन्देश दिन राज्यका प्रतिनिधि र गैरराज्य संघ संस्थाका स्वयंसेवकहरू ऐक्यबद्ध भएर अभियानका सहभागी रहेको आयोजक समितिले जनाएको छ।

महिनाबारी निषेध, लाज, बार्नुपर्ने अभ्यास वा विभेदका कारण महिनाबारी हुने व्यक्तिको सशक्तिकरण, स्वास्थ्य, शिक्षा, रोजगार, आदिमा अल्पकालिन र दिर्घकालिन रुपमा असर पार्दै सिंगो परिवार र समाजलाई असर पारिरहेको छ। यसैगरी समाज, राष्ट्र अनिविश्वकै विकासमा स्वयंसेवकहरुको ठुलो भूमिका रहेको छ।

कार्यक्रममा प्रहरी उपरिक्षक अविनारायण काफ्ले, राजविराज नगरपालिकाकी अनिता चौधरी, सामुदायिक सेवा केन्द्रका सचिव संजय शर्मा, सहसचिव धिरेन्द्र दास, महिला मानवअधिकार रक्षक सञ्जालकी पुनम पोखरेल, प्रिया सिंह थारु, आसमान नेपालकी शान्ता सिंह, हेल्प मधेशका अध्यक्ष प्रमोद शर्मा, पत्रकारहरु बृजमान तामाङ, रामनाथ यादव, पंकज साहलगायतको सहभागिता रहेको थियो।

# लैङ्गिक हिंसा बिरुद्ध कविता गोष्ठी



**राजविराज**/लैङ्गिक हिंसा विरुद्ध राजविराजमा शुक्रबार सम्पन्न प्रतियोगितात्मक कविता गोष्ठीमा उर्जा साह प्रथम भएकी छिन्।

लैङ्गिक हिंसा विरुद्ध मूल समारोह समितिको आयोजना र मैथिली साहित्यकला प्रतिष्ठान (मिलाफ)को संयोजनमा सम्पन्न मैथिली कविता प्रतियोगितामा कल्पना साह द्वितीय र शोभाकान्त यादव तृतीय भएका छन्।

"सभ्य समाजको पहिचानः लैङ्गिक हिंसा बिरुद्धको अभियान" सन्दर्भमा आयोजित प्रतियोगितामा विजेताहरुलाई साहित्यकारहरु नन्दलाल आचार्य, मञ्जु श्रेष्ठ र मनोहर पोखरेलले पुरस्कार वितरण गरेका छन्।

मिलाफकी अध्यक्ष रमिला साहको अध्यक्षतामा राजबिराज नगरपालिकाको सभाकक्षमा सम्पन्न "मैथिली कविता प्रतियोगिता"मा मञ्जु श्रेष्ठ, बिद्यानन्द बेदर्दी, दिनानाथ यादव, शम्भु श्री, गजेन्द्र गजुर, मीना साह, संजय शर्मा, अनीता चौधरीलगायतकाले प्रतियोगी कविता वाचन गरेका थिए।

कार्यक्रममा सामुदायिक सेवा केन्द्रका अध्यक्ष हित नारायण लाल दास, राजविराज नगरपालिकाकी महिला, बालबालिका, जेष्ठ नागरिक शाखा प्रमुख अनिता चौधरीलगायतकाले मानवअधिकार दिवसको शुभकामना व्यक्त गरेका थिए।

यसैगरी कार्यक्रममा महिला मानवअधिकार रक्षक सञ्जालकी नानीमैया कटवाल, मेचीमहाकाली बुहारी संयुक्त आवाजकी कोषाध्यक्ष रत्ना तामाङ, नेपाल मजदुर यातायात संघका अध्यक्ष संजय साह, अनुसंधान विकास केन्द्रकी अध्यक्ष कविता प्रमाणीलगायत पत्रकारहरुको सहभागिता रहेको थियो।

# दुई कोठे नयाँ पक्की कक्षाकोठा भवनको उद्घाटन



**राजविराज**/सप्तरीको अग्निसाईर कृष्णासवरण गाउँपालिका ५ छपकीस्थित आधारभूत विद्यालयको २ कोठे नयाँ पक्की कक्षाकोठा भवनको शुक्रबार उद्घाटन गरिएको छ।

मधेश प्रदेश सरकारका सामाजिक विकास मन्त्री नवलकिशोर साहले उक्त विद्यालय भवनको उद्घाटन गर्दै शिक्षाको माध्यमबाट सामाजिक रुपान्तरण सम्भव रहेको बताएका छन्।

नव निर्वाचित प्रतिनिधि सभा सदस्य समेत रहेका मन्त्री साहले वर्षौदेखि कक्षाकोठा भवनको अभाव झेलि रहेका यस क्षेत्रका विद्यार्थीहरुलाई उचित र सुरक्षित वातावरणमा गुणस्तरिय शिक्षा प्रदान गर्न विद्यालयमा नयाँ संरचना निर्माण गरिएको बताए। उनले पठनपाठन व्यवस्थित, सुरक्षित र विद्यालयको पहुँचबाट टाढा रहेका बालबालिकालाई विद्यालयमा आकर्षण गर्न समेत मद्दत पुऱ्याउने उल्लेख गरे।

शिक्षाको माध्यमबाट मात्र सामाजिक रुपान्तरण गर्न सकिने भएकाले शिक्षा क्षेत्रलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेको उनको भनाई थियो। बालबालिकाहरुलाई विद्यालय जान सजिलोका लागि विद्यालयहरुमा नयाँ नयाँ संरचना निर्माणका साथै शिशु बिमा, साइकल वितरण, पूर्ण छात्रवृत्ति, निःशुल्क शैक्षिक सामाग्री वितरण, बेटी बचाउ बेटी पढाउ लगायतका योजनाहरु अभियानकै रुपमा अघि बढेको उनले बताए।

वडा अध्यक्ष सबदुल मियाँको अध्यक्षतामा आयोजित उद्घाटन समारोहमा गाउँपालिकाका अध्यक्ष दिनानाथ चौधरी, मधेश प्रदेश प्रज्ञा प्रतिष्ठानका सदस्य दिनेश कुमार यादव लगायतले पनि बोल्दै विद्यालयसम्म बालबालिकाको पहुँच बढाउन नवनिर्मित भवनले ठुलो सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे।

सामाजिक विकास मन्त्रालयको १८ लाखको लागतमा निर्माण गरिएको उक्त २ कोठे भवन निर्माण गरिएको हो। नयाँ पक्की कक्षाकोठा भवन निर्माण गरिएपछि कक्षाकोठाको अभाव झेलिरहेका विद्यार्थीहरुले नयाँ र सुविधा सम्पन्न भवनमा पढन पाउने भएका छन्।

# अन्तर्राष्ट्रिय समाचार

## आठ हजारभन्दा बढी भारती नागरिक विदेशी जेलमा

**नयाँदिल्ली**/आठ हजारभन्दा बढी भारतीय हाल विभिन्न देशका विदेशी जेलमा कैदीबन्दीका रूपमा रहेको बताइएको छ। तीमध्ये चार हजार ३८९ जना खाडी देशका जेलमा रहेको केन्द्रीय विदेश राज्यमन्त्री वी मुरलीधरनले शुक्रबार बताएका छन्।

"मन्त्रालयमा उपलब्ध तथ्याङ्अनुसार भारतीय हाल विदेशी कारागारमा पुर्पक्षमा रहेका लगायतका कैदीको सङ्ख्या आठ हजार ४४१ रहेको छ। जसमध्ये चार हजार ३८९ खाडी मुलुक (संयुक्त अरब इमिरेट्स, साउदी अरेबिया, कतार, कुवेत, बहराइन, ओमान)का जेलमा रहेका छन्," उनले भने।

युएई जेलमा रहेका कैदीले भारतीय जेलमा आफ्नो बाँकी सजाय काट्न सक्छन् कि भनेर सोधिएको प्रश्नको जवाफ दिँदै, राज्यमन्त्रीले सजाय पाएका व्यक्तिको स्थानान्तरण (टीएसपी), जुन नोभेम्बरमा हस्ताक्षर भइसकेको उनले बताए।

"टिएसपी सम्झौता अन्तर्गत सजाय पाएको व्यक्तिलाई आफ्नो देशमा स्थानान्तरण गर्न कैदीको स्थानान्तरणको इच्छा, स्थानान्तरण र प्राप्त गर्ने देशको सहमति, अनुरोध प्रक्रियाको लागि आवश्यक पूर्णकागजातको उपलब्धता, क्लियरेन्सजस्ता विभिन्न औपचारिकता पूरा गर्नुपर्ने हुन्छ र सो प्रक्रियका लागि आवश्यक कागजातको युएई पठाइएको छ," उनले भने।

दोहामा हिरासतमा रहेका आठ पूर्वनौसैनिक अधिकारीको मुद्दा फेरि चर्चामा आएपछि यो विषय पुनःसार्वजनिक चासोको मुद्दा बनेको हो।

डिसेम्बर १ मा मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले भारतले कतारमा पक्राउ परेका पूर्वभारतीय नौसेना अधिकारीको मामलामा नियमितरूपमा प्रतिक्रिया दिइरहेको र दूतावासले यस विषयलाई गम्भीररूपमा लिइरहेको बताएका छन्।

प्रवक्ताले केही थुनुवाका दोहामा परिवार छन् र उनीहरूलाई साप्ताहिकरूपमा भेटघाट गर्न अनुमति दिइएको पनि बताएका छन्। एजेन्सी

## फ्लुबाट अमेरिकामा सात हजार तीन सयको मृत्यु

**लस एन्जलस**/संयुक्त राज्य अमेरिकामा डिसेम्बर ३ सम्ममा हप्तामा २५ हजारभन्दा बढी मानिस फ्लूका कारण अस्पतालमा भर्ना भएको अमेरिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्रद्वारा शुक्रबार जारी गरिएको तथ्याङ्कले देखाएको छ।

मौसमी इन्फ्लुएन्जा गतिविधि देशभर उच्च रहेको पनि केन्द्रले जनाएको छ। यस याममा संयुक्त राज्य अमेरिकामा हालसम्म फ्लुबाट कम्तिमा एक करोड ३० लाख बिरामी भएको र एक लाख २० हजार अस्पताल भर्ना भएका छन् भने सात हजार ३०० जनाको मृत्यु भएको केन्द्रले जनाएको छ। एजेन्सी

## आसाममा ७० करोड बराबरको लागुऔषध नियन्त्रणमा

**काछार**/आसामको काछारमा शुक्रबार राति करिब ६०-७० करोड रुपैयाँ बराबरको अवैध लागुऔषध बरामद गरिएको छ भने पाँच जनालाई पक्राउ गरिएको छ।

यहाँका एक वरिष्ठ प्रहरी अधिकारीले नाम न छाप्ने शर्तमा एएनआईसँग फोनमा कुरा गर्दै भने, "सूचनाको आधारमा अनुसन्धान गर्दा काछार जिल्लाको प्रहरी टोलीले शुक्रबार राति मिजोरमबाट आउँदै गरेको दुई ट्रकलाई रोकी खान तलासी गर्दा दुई लाख याबा टेबुल बरामद गरेको हो।

"हामीले घटनास्थलबाट चार जनालाई पक्राउ गरेका छौँ र पछि थप एक जनालाई पक्राउ गरेका छौँ। एउटा ट्रक पनि नियन्त्रणमा लिइएको छ," प्रहरी अधिकारीले उल्लेख गरेका छन्।

बरामद लागुऔषधको बजार मूल्य करिब ६० देखि ७० करोड रुपैयाँ रहेको बताउँदै उनले चार महिनामा काछार प्रहरीले २०० करोडभन्दा बढीको लागुऔषध बरामद गरेको बताए।

(यसअघि, तीन लागुऔषध कारोबारीलाई पक्राउ गरिएको र असमको कार्बी आङ्लोङ जिल्लामा उनीहरूबाट सात करोड रुपैयाँ मूल्य बराबरको तस्करी बरामद गरिएको लाग औषध पक्राउ गरिएको थियो।

सूचनाका आधारमा कार्वी आङ्लोङ प्रहरीको टोलीले बिहीवार राति खटखती क्षेत्रमा अप्रेसन गर्दा दुईवटा ट्रकलाई नियन्त्रणमा लिएको पनि अधिकारीले जनाएका छन्। खोजीका क्रममा दुईवटा गाडीबाट ३० हजार प्रतिबन्धित याबा टयाब्लेट र ७५७.१५ ग्राम हेरोइनलगायतका सामान बरामद गरिएको पनि प्रहरीले बताएको छ। एजेन्सी

# भन्साली परिवारद्वारा ३५ जना अशक्तलाई न्यानो कपडा प्रदान



**राजविराज**/राजविराज ७ निवासी व्यवसायी एवं समाजसेवी सुभाष भन्साली र उनका परिवारजनले शनिबार शारिरीक रुपमा अशक्त भइ कष्टकर जीवन विताउन बाध्य ३५ जनालाई न्यानो कपडा बितरण गरेका छन् ।

आफ्नै प्रतिष्ठान अगाडी एक कार्यक्रमको आयोजना गरी शारिरीक रुपमा अशक्त भएकाहरुलाई न्यानो कपडा वितरण गरेका हुन् ।

अपाङ्ग संघ सप्तरीको संयोजनमा जिल्लाका १८ वटै पालिकाका अति विपन्न अशक्त अपाङ्गहरुको पहिचान गरी प्रतिव्यक्ति एक-एक थान ब्लाङकेट र दरी वितरण गरिएको हो ।

व्यवसायी भन्सालीसँगै उनकी धर्मपत्नी जयश्री, छोरा अमित, बुहारी निशा, अपाङ्ग संघ सप्तरीका अध्यक्ष वीरेन्द्र चौधरी, सचिव रामचन्द्र यादव, समाजसेवि सुर्यनारायण यादवलगायतले संयुक्त रुपमा अशक्तहरुलाई न्यानो कपडा वितरण गरेका थिए ।

बढ्दै गएको विपन्न अशक्तको जीवन सहज होस् भन्ने उद्देश्यले न्यानो कपडा वितरण गरिएको भन्सालीले बताए । आउँदो दिनमा समेत सेवामूलक कार्य गर्ने बताएका भन्साली परिवारले केही समयपछि थप अशक्तको पहिचान गरी न्यानो कपडा वितरण गरिने र अन्य सामाजिक कार्यमा समेत सहयोग गर्ने जनाएका छन् ।

भन्साली परिवारले यसअघि कोरोना संक्रमणको जोखिम तीव्र रहेका बेला आफ्नो प्रतिष्ठानबाटै २ हजारभन्दा बढी सर्वसाधारणलाई निःशुल्क मास्क वितरण गरेका थिए ।

# अपाङ्ग संघ सप्तरीमा नयाँ कार्य समिति




**राजविराज**/अपाङ्ग संघ सप्तरीको शनिबार सम्पन्न प्रथम साधारणसभाले वीरेन्द्र चौधरीलाई निर्विरोध अध्यक्ष पदमा चयन गरेको छ ।

यसअघि तदर्थ समितिका अध्यक्ष रहेका चौधरीलाई शनिवार साधारणसभाले निर्विरोध चयन गरेको हो । निर्वाचन प्रक्रिया सुरु गरिए पनि चौधरी बाहेक अन्य कसैले मनोनयन पत्र दर्ता नगरेपछि उनी निर्विरोध निर्वाचित भएका हुन् ।

चौधरीकै नेतृत्वमा १३ सदस्यीय नयाँ कार्य समिति चयन भएको छ । तीन वर्षे कार्यकाल रहने नवनिर्वाचित कार्य समितिको उपाध्यक्षमा मो. मिस्टर, सचिवमा रामचन्द्र यादव, सहसचिवमा अशोक यादव र कोषाध्यक्षमा सुभद्रा चौधरी निर्विरोध निर्वाचित भएका छन् ।

त्यस्तै सदस्यहरुमा सत्यनारायण पासवान, गजेन्द्र दास, मनोज चौधरी, तुलानन्द ठाकुर, लिला साह, राधा पंजियार र मुसनुफा अंसारी चयन भएका छन् ।

संघमा जिल्लाको १८ वटै पालिकाका गरी ५३ जना प्रतिनिधि छन् । ती प्रतिनिधिहरु नै मतदाता हुने व्यवस्था छ ।

नवनिर्वाचित अध्यक्ष चौधरीले जिल्लामा शारिरीक रुपमा अशक्त भइ कष्टकर जीवन विताउन बाध्य परिवारहरु बारे आफु पूर्ण जानकार रहेको बताए । उनले त्यस्ता व्यक्ति र परिवारको सहज जीवनयापनका लागि सबै पक्षको रायसुझावलाई ग्रहण गरी नयाँ कार्ययोजनाका साथ अघि बढ्ने प्रतिवद्धता जनाए ।

साधारण सभाको उद्घाटन गर्दै प्रमुख अतिथी समाजसेवी ई.सुर्यनारायण यादवले जिल्लामा शारिरीक रुपमा अशक्त भइ कष्टकर जीवन विताइरहेका व्यक्ति र उनका परिवारको हितका लागि संघले विभिन्न कार्ययोजना तयार गरी अघि बढ्नुपर्नेमा जोड दिए ।

# गैससकर्मीबीच समन्वय र सहकार्य आवश्यक



**राजविराज**/सप्तरीमा रहेका गैसस र गैससकर्मीहरुबीच अझै समन्वय र सहकार्यको खाचो रहेको शनिबार राजविराजमा आयोजित एक तालिमका सहभागिहरुले गुनासो गरेका छन् ।

स्थानिय गैससहरुको लागि तीन दिने क्षमता विकाश तालिमका सहभागिहरुले यस्तो गुनासो गरेका हुन् ।

सबल नेपालको आयोजना तथा सेभ द चिल्ड्रेनको सहयोगमा सीडा कार्यक्रम अन्तरगत सहयोगमा आयोजित तालिमका सहभागिहरुले जिल्लामा सयौंको संख्यामा रहेका गैसस तथा त्यसमा आवद्ध गैससकर्मीहरु एक अर्कासँग समन्वय समेत नगरेकाले अहिले गैससकर्मीहरुको पहिचान समेत संकटमा परेको बताएका छन् ।

सहभागिहरुले समन्वयको अभावमा गैससहरु एकबद्ध नरहेकोले आगामी दिनमा यसलाई समन्वय गरेर लैजानु पर्ने गैसस महासंघ सप्तरीका नेतृत्वकर्ताहरुलाई सुझाव समेत दिए ।

गैसस महासंघ नेपाल सप्तरीका कार्यवाहक अध्यक्ष बलदेव मण्डलको अध्यक्षता तथा गैसस महासंघ सप्तरीका संस्थापक अध्यक्ष ई. इन्द्रनारायण देवको प्रमुख आतिथ्यमा आयोजित तालिम उद्घाटन सत्रमा एससीडिसी सप्तरीका कार्यवाहक अध्यक्ष मिथिलेश कुमार यादव, सबल नेपालका दिपक झा, क्रेस नेपालका अध्यक्ष उपेन्द्र साह लगायतले मन्तव्य राखेका थिए ।

तालिममा जिल्लाका ३० गैससका प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको आयोजक संस्थाले जनाएको छ ।

### *समानुपातिकतर्फ ...*

दलले 'थ्रेस होल्ड' कटाएका छन् । नेकपा(एमाले)ले ३२ दशमलव २३ प्रतिशत मतले सात सिट सङ्ख्या प्राप्त गरेको छ। यस्तै नेपाली कांग्रेसले ३१ दशमलव ६३ प्रतिशत मतले सात सिट सङ्ख्या प्राप्त गरेको छ ।

नेकपा(माओवादी केन्द्र) ले १४ दशमलव २५ प्रतिशत मतले तीन सिट र नागरिक उन्मुक्ति पार्टीले ११ दशमलव ५६ प्रतिशत मतले दुई सिट प्राप्त गरेको छ । यता नेकपा (एस)ले ५ दशमलव १४ प्रतिशत मत र राप्रपाले ५ दशमलव १९ प्रतिशत मतले एक/एक सिट प्राप्त गरेको छ ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३८२३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*